# रोजगारी र सुशासनका लागि आन्दोलन

आधुनिक राजनीतिका ७५ वर्ष हामी नेपालीले सम्पन्न, शिक्षित र स्वस्थ भएर स्वतन्त्रता र स्वाधीनताका साथ मर्यादापूर्ण जीवन बाँच्न सङ्गठित प्रयास गर्‍यौं । यस क्रममा विविध भौगोलिक क्षेत्रमा बस्ने विभिन्न वर्ग, जातजाती र भाषा-सँस्कृतिका सबै नेपालीको समान नागरिक, राजनीतिक र मानवअधिकार ग्यारण्टी गर्न लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्‍यौं । यो हाम्रो गौरवको इतिहास हो । तर यही इतिहासको अपमानपूर्ण पाटो पनि छ । राणा शासनदेखि नै हामीले ब्यापार घाटा ब्यहोर्दै आएका छौं; २०१३ देखि खाद्यान्नसमेत आयात गर्दैछौं; २०१८ देखि आन्तरिक र २०१९ देखि वैदेशिक ऋण लिन थाल्यौं, र त्यो निरन्तर बढ्दै गएको छ । औद्योगिक पुँजी निर्माण गर्न भनेर ल्याइएको भूमिसुधारको असफलताले गर्दा परनिर्भरता झन् बढ्दै गयो । शित युद्धको त्यो बेला कैयन् मुलुकले विदेशी अनुदानलाई आफ्नो क्षमता विकास गर्न प्रयोग गरे । तर नेपालले आफ्नै खुट्टामा उभिने अर्थतन्त्रको विकास गर्न सकेन । विदेशी अनुदानमा शुरु भएको नेपालको आधुनिक विकास पनि केवल पञ्चायत र राजतन्त्र टिकाउन प्रयोग भयो । सन् १९८० देखि शुरु भएको नयाँ उदारवादी अर्थव्यवस्थालाई पनि कैयन् मुलुकले आफ्नो कृषि र उद्योगको विकास गर्ने अवसरका रुपमा प्रयोग गरे । तर नेपालले अँगालेको नवउदारवादी परियोजनाले आम जनताको खर्च बढाउने र केही नयाँ धनाढ्यहरु जन्माउने मात्रै काम गर्‍यो । दलाल पुँजीवादले हाम्रो अर्थतन्त्र र राजनीतिलाई नियन्त्रण गर्दै लग्यो ।

गणतन्त्र स्थापना भएपछि कृषि र उद्योगको विकासलाई आधार बनाएर रोजगारी विस्तार गर्दै गुणस्तरीय शिक्षा र स्वास्थ्यमा जनताको पहुँच बढाउँदै भ्रष्टाचारमुक्त, पारदर्शी र सेवामुखी न्यायिक तथा प्रशासनिक व्यवस्थापनलाई राजनीतिको केन्द्रमा राख्नु पर्थ्यो । आर्थिक उत्पादनमा बृद्धि र समानता तथा न्यायमा आधारित विकासको आफ्नै बाटो बनाउनु पर्थ्यो । यस १०/१२ वर्षमा गरिबी, पछौटेपन, विभेद, अविकास र पराश्रयको अपमानपूर्ण इतिहासलाई उल्टाउन र मर्यादापूर्ण जीवन बाँच्ने नेपालीको प्रयासलाई सार्थक बनाउन सकिन्थ्यो । वस्तुतः सम्विधानमा उल्लेख भएको समृद्धि र समाजवादको मर्म त्यही थियो । तर राजनीतिक नेतृत्वले नेपाली इतिहासले सुम्पेको युगीन दायित्वलाई बुझ्न सकेन, बरु स्वार्थी, पदलोलुप र आत्म केन्द्रित हुँदै गयो । पार्टीहरुभित्र लोकतन्त्र अपहरित हुँदै गयो । आर्थिक-सामाजिक रुपान्तरणका सम्वाहक बन्नु पर्ने राजनीतिक पार्टीहरु नव धनाढ्यहरुका व्यवस्थापन कार्यालयजस्ता भए । फलतः आज मुलुक विचारहीन-सिद्धान्तहीन राजनीतिक छिनाझपटीमा अल्झिइरहेको छ । राजनीतिले समयको एजेण्डा गुमाएपछि आर्थिक जीवन कष्टकर हुन थाल्छ, त्यसले सामाजिक कलह, साम्प्रदायिक वैमनस्य, पुनरुत्थानका प्रयास, सस्तो नारावाजीमा पपुलिष्टहरुको उदय स्वाभाविक हुन्छ र त्यसले फेरि राजनीतिलाई अस्तव्यस्त बनाउँछ । आज हाम्रो गणतन्त्र यही दुश्चक्रमा फसेको छ ।

अहिले हामी विश्वव्यापी उथलपुथलको ऐतिहासिक मोडमा छौं । गएका ३/४ सय वर्षको पश्चिमा शक्ति राष्ट्रको प्रभुत्वको विश्वव्यवस्था नराम्ररी चर्मराउँदैछ, भत्किँदैछ । त्यस व्यवस्थाका विकास, शान्ति, समृद्धि, उदारवाद, लोकतन्त्र, राष्ट्रियताजस्ता मान्यताहरु पुनर्परिभाषित हुँदैछन्, संरचनाहरु पुनर्गठित हुँदैछन् । यस विश्वव्यापी आर्थिक र राजनीतिक झञ्झावातमा साना र कमजोर मुलुकहरुको स्वतन्त्रता र स्वाधीनतामाथि दबाब बढ्दै छ । नेपाल राष्ट्रको निर्माण र विकासका दौरानमा हामीले अनेकौं आक्रमण, अवाञ्छित दवाब र अमानवीय नाकाबन्दीको सामना गर्दै आएका छौं । तर स्वतन्त्रता र स्वाधीनताका साथ विकसित र समृद्ध हुन चाहाने नेपाली आकाङ्क्षामाथि अहिले पनि उत्तिकै चुनौतिहरु छन् । हामीलाई विभाजित नगरिकन बाहिरका शक्तिहरुले आफ्ना नाजायज स्थार्थ पूरा गर्न सक्दैनन् । नेपालले अँगालेका कुनै पनि राजनीतिक प्रणालीलाई कमजोर बनाउने र नाजायज सौदावाजीमा हामीलाई घिसार्ने उनीहरुको रणनीति आज पनि उत्तिकै सक्रिय छ ।

सत्ता केन्द्रित नाजायज गठबन्धनको राजनीतिले मुलुकका आर्थिक समस्या समाधान गर्न सक्दैन, राज्य नालायक बन्दै जान्छ, राज्यको नालायकीले सामाजिक असन्तुष्टीलाई बढाउँछ, नालायक राज्यले शक्ति प्रयोग गर्न थाल्छ र अस्थीरताका शक्तिहरु, पुराना साम्प्रदायिक र पपुलिष्ट तत्वहरुले त्यस असन्तुष्टीलाई उत्तेजक बनाउँदै जान्छन् । आज मुलकमा त्यही भैरहेको छ : सत्ताधारीहरु नालायक र अनुत्तरदायी हुँदै छन्, सडक अराजक र पपुलिष्ट हुँदै छ । यस अवस्थामा देशका जिम्मेवार राजनीतिक पार्टी र नागरिक समुदायले गम्भीर आत्म समीक्षा गर्दै एउटा नयाँ पहलकदमीद्वारा हस्तक्षेप

गर्नु आवश्यक भैसकेको छ जसले सत्ताधारी गठबन्धनका नालायकी विरुद्ध आम जनतालाई सचेत र सङ्गठित गर्दै मुलुकलाई अपमानको इतिहासबाट मुक्त गरोस् र अग्रगामी निकास देओस् ।

आज सबै नेपालीलाई रोजगारी दिने गरी कृषि, उद्योग, पर्यटन, उर्जा, पूर्वाधार, सूचना प्रविधिको विकास र शिक्षा-स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास तथा ती सबैमा नागरिकको सहज पहुँच ग्यारण्टी गर्ने पारदर्शी प्रशासनको स्पष्ट योजना मुलुकसँग छैन । सङ्क्षेपमा, गणतन्त्र आएको १५ वर्षपछि पनि ७५ वर्षदेखि नेपालले सामना गरिरहेको बेरोजगारी र कुशासनका समस्याको समाधान हुन सकेको छैन । उत्पादन र वितरणको आफ्नै व्यवस्था नभएको कुनै पनि मुलुक गरिबी र अस्थीरताको दुश्चक्रबाट बाहिर निस्कन सक्दैन । त्यसैले अब १० वर्षमा मुलुकमा सबै नेपालीलाई रोजगार बनाउन र भ्रष्टाचार तथा ढिलासुस्ती मुक्त सुशासन स्थापित गर्ने योजनाबद्ध कार्यक्रम राज्यसँग हुनुपर्छ, सबै राजनीतिक पार्टीहरुसँग हुनु पर्छ । त्यस्तो योजना छ वा छैन भन्ने आधारमा तीनै तहका सरकार, राजनीतिक पार्टी वा तिनका नेताको मूल्याङ्कन गर्न सकिने अवसर जनतालाई हुनु पर्छ । सबै राजनीतिक दल, तिनका सबै तहका कमिटी, जनसङ्गठन, बौद्धिक समुदाय, विश्वविद्यालय र अन्य शैक्षिक सँस्था, सञ्चार माध्यम, पेशागत तथा सामुदायिक सङ्गठनहरुमा ती मुद्दाहरुमाथि छलफल, बहस र अनुसन्धान हुनु पर्छ । यसरी राष्ट्र निर्माण नै मुलुकको मुख्य एजेण्डा बन्नेछ ।

हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) ले गत वर्ष 'समाजवादी जागरण यात्रा' मार्फत् यो प्रयास गरेको थियो । विभिन्न राजनीतिक दलहरुले एजेण्डाविना नै तथाकथित मिशन-०८४ आरम्भ गरिरहेको, सरकार बनाउने र भत्काउने खेलमा राजनीति रुमल्लिई रहेको, जनतामा असन्तुष्टी बढिरहेको र त्यसलाई पुनरुत्थानवादी, अराजक तथा पपुलिष्टहरुले दुरुपयोग गर्न प्रयत्न गरिरहेको अवस्थामा हामीले राष्ट्रिय सम्वादको नयाँ आन्दोलन आरम्भ गरेका छौँ । हाम्रो दृढ सङ्कल्प छ : यस आन्दोलनले राष्ट्रका लागि आजको एजेण्डा स्थापित गर्ने छ र मुलुकको राजनीतिलाई नयाँ दिशा दिनेछ । अपमानको इतिहास फेर्नका लागि अर्थात् श्रम गर्न सक्ने सबै नेपालीलाई रोजगारी दिने र सुशासनयुक्त नेपाल बनाउन हाम्रो पार्टीले निम्न प्रस्ताव अगाडि सारेको छ :

**कृषि :**

हरेक कृषकले उत्पादन गरेको बाली-वस्तुको उचित मूल्य पाउने ग्यारेण्टी नगरिकन कृषि क्षेत्रमा यान्त्रिकीकरण, आधुनिकीकरण वा आत्मनिर्भरता सम्भव हुँदैन । कृषिमा प्रगति गरेका संसार भरीका मुलुकले कृषि क्षेत्रको संरक्षण गरेका छन् । हामीले पनि बीउ, मल, सिचाई, बिजुली आदिमा पर्याप्त अनुदान, सस्तो कृषि ऋण, सबैलाई प्राविधिक सेवा, प्रभावकारी बिमा, कृषकलाई बचतको ग्यारण्टी हुने गरी समर्थन मूल्य तोक्ने र उत्पादित बाली-वस्तु बिक्रीको व्यवस्था गर्नै पर्छ । बाँझो र रुख नभएको वन क्षेत्रमा फलफूल र जडीबुटीको खेतीलाई योजनाबद्धरुपले विकास गर्नु पर्छ । जमिनको स्वामित्वको कारणले हामी कृषि सहकारी तथा समूहमा आधारित कृषि प्रणालीमा जानै पर्छ । राजनीतिक नेतृत्व प्रतिबद्ध हुने हो भने खाद्यान्न, तरकारी, माछामासु र फलफूलमा ३-४ वर्षमा आत्म निर्भर हुन र नयाँ कृषि व्यवस्था बनाउन सकिन्छ । त्यसले कृषिमा आश्रित ५१ प्रतिशत जनताको बेरोजगारी, अर्ध तथा अल्प बेरोजगारीको समस्या समाधान गर्छ र कृषिमा आधारित औद्योगीकरणका लागि बलियो आधार तयार हुन्छ ।

**उद्योग :**

संसारभरि औद्योगिक विकासको एउटै सूत्र छ : आफ्नो श्रम तथा स्रोतको उपयोग र राज्यको संरक्षण । तर हाम्रो राज्य वा राजनीतिक नेतृत्व गैर जिम्मेवार छ । उद्योगका लागि स्वीकृति दिने र कर उठाउनेबाहेक राज्यले अर्थोक गर्दैन । आफ्नो उद्यमको विकासका लागि योजना र दृष्टिकोणको अभाव हाम्रो राजनीतिक नेतृत्वको सबैभन्दा ठूलो कमजोरी हो जबकी औद्योगिकरणमा सफलता हासील गरेका हरेक मुलुकले आफ्नो उद्योगको संरक्षण गरेका छन् । हाम्रो गणतन्त्रले पनि आज आफ्नो उद्यमको संरक्षण गर्ने राज्य वा राजनीतिक नेतृत्व खोजेको छ । विद्युत विकासलाई औद्योगीकरणको आधार बनाएर नेपालले फड्को मार्न सक्छ । त्यसका लागि अहिले नै औद्योगीकरणका लागि निर्धारित (डेडिकेटेड) जलविद्युत परियोजनाका योजनाको घोषणा गुर्न पर्छ । हाम्रो उत्पादन प्रतिस्पर्धी बनाउन ऊर्जामा सहुदलियत दिने र औद्योगिक क्षेत्रहरू निर्धारण गरेर जग्गाको समस्या समाधन गर्दा उद्योगको आधार बन्छ । खासगरी, खाद्यान्न, फलफूल, मासु, दूध, तरकारी, काठ, रेशा, जडीबुटी, सिमेन्टलगायत नेपाली कच्चा पदार्थमा आधारित उद्योगको संरक्षणका लागि आवश्यक करलगायत वित्तीय सुविधाहरू दिनु पर्छ । साना र घरेलु उद्योगहरूलाई विशेष संरक्षण दिनु पर्छ । सङ्क्षेपमा, आजको दुनियाँमा राष्ट्रिय पुँजीको विकास राज्य स्वयंको योजनामा मात्रै हुन सक्ने तथ्यलाई ध्यान दिँदै हाम्रो राज्यका नीति तथा कार्यक्रमहरू पनि त्यसैअनुकूल बनाउनु पर्छ । हरेक लगानीलाई रोजगारी र उत्पादनसँग जोड्नु पर्छ । विप्रेषण

र गैरआवासीय नेपालीको पुँजीलाई राष्ट्रिय पुँजी निर्माणको महत्वपूर्ण स्रोतका रूपमा परिचालित गर्दै, तीनखम्बे अर्थतन्त्रलाई बलियो बनाउँदै र औद्योगिक रोजगारीको सिर्जना गर्दै १० वर्षमा औद्योगीकरणको पहिलो चरण पूरा गर्न सकिन्छ, गर्नु पर्छ ।

**पर्यटन :**
धार्मिक/सांस्कृतिक बहुलता तथा साझेदारी र प्राकृतिक तथा भौगोलिक विविधता हाम्रा संसार प्रसिद्ध विशेषता हुन् । काठमाडौँ उपत्यका, पहाडी र मैदानी जनजातिका सांस्कृतिक धरोहरहरू, लुम्बिनी र सगरमाथा, पशुपतिनाथ, जनकपुर, अग्ला पहाड र हिमाल, संरक्षित तथा आरक्षित क्षेत्रहरू, आकर्षक वन्यजन्तु र चराचुरुङ्गी आदिले हाम्रो पर्यटन उद्योगको विशाल सम्भावना बोकेका छन् । खासगरी सडक तथा हवाई यातायात, सेवाको गुणस्तर, पर्यटकीय क्षेत्रको संरक्षण र सौन्दर्यीकरण, भन्सार तथा भिसामा सहजीकरणमा राज्यले ध्यान दिँदा पर्यटन क्षेत्रमा निजी क्षेत्रको लगानी धेरै बढ्न सक्छ । राजनीतिक र नीतिगत स्थिरताका साथ विकास गर्ने वातावरण पाउँदा आगामी १० वर्षमा वर्षेनी कम्तीमा ४० लाख पर्यटक ल्याउन सकिने छ । अहिले करिब तीन लाख रोजगारी भएको पर्यटन क्षेत्रमा १० लाखभन्दा बढी रोजगारी पुऱ्याउन सकिन्छ ।

**पूर्वाधार :**
कृषि उत्पादन, उद्योग तथा व्यापार, पर्यटन तथा शिक्षा र स्वास्थ्यलगायत सेवाका क्षेत्रहरूको विकासका लागि यातायात, ऊर्जा, सिँचाइ, खानेपानी, टेलिफोन तथा इन्टरनेटजस्ता पूर्वाधार अनिवार्य हुन्छन् । यस्ता पूर्वाधारमा मूलतः राज्यले नै लगानी गर्नुपर्छ । त्यस्तो लगानीले रोजगारी र राष्ट्रिय आयमा गुणात्मक योगदान गर्छ । कृषियोग्य सबै भूमिमा सिँचाइका लागि पूर्व-पश्चिम नहर, उद्योग, यातायात र सबै  क्षेत्रमा विद्युतीकरण गर्न सकिने गरी ऊर्जाको विकास, दुवै छिमेकीबाट पाउनुपर्ने पारवहन सुविधाका लागि आवश्यक सडक तथा रेल यातायात, कृषि, उद्योग तथा पर्यटनका उत्तर-दक्षिण सडक सञ्जाल, सबै नागरिकलाई स्वच्छ खानेपानी, सबैका लागि टेलिफोन तथा इन्टरनेट सेवा हाम्रो प्राथमिकता हुनुपर्छ । पूर्वाधारको विकास गर्दा वातावरण तथा पर्यावरणको रक्षा तथा विकासलाई विशेष ध्यान दिनु पर्छ । योजनाबद्ध पूर्वाधार विकासले लामो समयसम्म रोजगारी सिर्जना गरिरहने छ ।

**शिक्षा :**
शिक्षाले मानिसलाई समयअनुसार बौद्धिक ज्ञान र प्राविधिक सीपका साथ बाँच्न सक्षम बनाउनु पर्छ । मुलुकको समृद्धि र समाजवादका लागि यो एउटा पूर्वशर्त हो । तर आजको शैक्षिक व्यवस्थाले एकातिर प्राथमिक तहदेखि नै दुई खालका नागरिक उत्पादन गर्दैछ । खासगरी सार्वजनिक शिक्षाको अवस्था निराशाजनक छ ।  यस अवस्थालाई फेर्नै पर्छ । त्यसका लागि आगामी १० वर्षमा आधारभूत तहदेखि उच्चतहसम्मको सार्वजनिक शिक्षालाई निःशुल्क र गुणस्तरीय बनाएर निजी र सार्वजनिक शिक्षाको भिन्नता अन्त्य गर्नु पर्छ । सबै सार्वजनिक शिक्षण संस्थामा आधुनिक सूचना-प्रविधि पुऱ्याउनु पर्छ । हरेक वडामा प्रारम्भिक बाल विकास कार्यक्रम लागू गर्दै माध्यमिक तहमा विद्यार्थीहरूलाई पारिवारिक, सामाजिक तथा नागरिक जीवनका दायित्वका बारेमा अध्ययन गराइनु पर्छ । १२ कक्षादेखि प्राविधिक शिक्षाको विशेष व्यवस्था गरेर विद्यार्थीहरूलाई उत्पादन र सेवाका क्षेत्रमा मर्यादित रोजगारीका साथ बाँच्न सक्ने बनाउनु पर्छ । शिक्षामा डिजिटल प्रविधिलाई जोड दिँदै भविष्यमा डिजिटल उत्पादनलाई राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्न सक्ने गरी विकास गर्नु पर्छ । उच्च तहको शिक्षालाई अनुसन्धानमूलक बनाउनु पर्छ । यसरी नेपालको शिक्षा व्यवस्थालाई मुलुकको समृद्धि र समाजवादको ध्येयअनुकूल बनाउन सकिन्छ ।

**स्वास्थ्यः**
जीवन धान्न सक्ने रोजगारी मानव स्वास्थ्यको पूर्वशर्त हो जसले उपयुक्त खाना, आवास, पर्याप्त आरामजस्ता आवश्यकता पूर्ति गर्छ । सँगसँगै उपचार सेवाको पनि उत्तिकै महत्व छ । अहिले मुलुकमा अत्याधुनिक स्वास्थ्य सेवा पनि छ तर त्यो विशुद्ध नाफामा आधारित छ । आधारभूत स्वास्थ्य सेवामा समेत अत्यधिक बजारीकरणले गर्दा गरिब तथा विपन्न जनताको ठूलो हिस्सा अत्यावश्यक स्वास्थ्य सेवाबाट समेत बञ्चित छ । स्वास्थ्य सेवाका संरचनाको विस्तार भएर पनि जनशक्ति र औषधि तथा स्वास्थ्य सेवाका अन्य उपकरणको अभाव छ । यसैले उपयुक्त र सबैको पहुँचमा भएको सार्वजनिक स्वास्थ्य सेवासुविधाको जिम्मा राज्यले लिनै पर्छ । राज्यले ध्यान दिँदा ५ वर्षभित्रै आपतकालीन शल्यक्रिया, विषपान, सडक दुर्घटनाको व्यवस्थापन गर्न सकिने जनशक्ति र आपूर्ति भएको

आधारभूत स्वास्थ्य सेवा स्थानीय तहमा नै व्यवस्था गर्न सकिन्छ । प्रभावकारी स्वास्थ्य बीमा, स्थानीयदेखि संघीय तहसम्मका अस्पतालहरूमा उपयुक्त प्रेषण व्यवस्था (रिफरल सिस्टम), राज्यले लगानी गरेको चिकित्सा शिक्षाबाट उत्पादित जनशक्तिले निश्चित समय मुलुकमा सेवा गर्नुपर्ने नियमको प्रभावकारी कार्यान्वयन र यी सबैका लागि आवश्यक बजेटको व्यवस्था गर्दा १० वर्षमा सबै नेपालीलाई  महामारी र नसर्ने घातक रोगहरूको उपचारसमेत गर्न सक्ने स्वास्थ्य सेवाको ग्यारण्टी गर्न सकिन्छ मूलभूतरुपले गर्न सकिन्छ ।

**सुशासन :**
अहिले सरकारी प्रशासन,  न्यायिक क्षेत्र र राजनीतिमा भ्रष्टाचार र ढिलासुस्ती व्याप्त छ । राज्यका कैयन् निकायहरू अनावश्यक छन्, निर्वाचन प्रणाली खर्चिलो र भ्रष्टाचारलाई प्रोत्साहित गर्ने खालको छ, संघीय, प्रादेशिक र स्थानीय सरकारले आवश्यक सेवा प्रवाह गरेका छैनन्, सार्वजनिक तथा सामाजिक संघ/संस्थाहरूमा समेत दलालतन्त्र हाबी हुँदैछ । राज्यको कार्यप्रणाली संविधान र कानूनमा आधारित हुने, सार्वजनिक संस्था तथा सङ्गठनहरू जवाफदेही, पारदर्शी र प्रभावकारी हुने र कानूनको निर्माण सहभागिता, समावेशिता र समानताका आधारमा हुने कुराले सुशासनलाई ग्यारेण्टी गर्छ । भ्रष्टाचार सबैतिर छ तर राजनीतिक पार्टीहरूको संरचना र कार्यप्रणालीले नै भ्रष्टाचारलाई निरुत्साहित र दण्डित गर्ने ग्यारण्टी नगरेसम्म त्यसको प्रभावकारी नियन्त्रण हुन सक्दैन, अर्थात् राजनीतिक नेताहरु भ्रष्टाचारमुक्त छन् भन्ने विश्वास सिर्जना गर्नु अत्यन्तै जरुरी भएको छ । त्यसका लागि हाम्रो प्रस्ताव छ : अहिलेसम्म सार्वजनिक पदमा रहेका सबैको सम्पत्ति छानविन गर्न संवैधानिक तथा कानूनी प्रबन्धका साथ एउटा शक्तिशाली सम्पत्ति छानवीन आयोग गठन गरियोस् ।

**विदेश नीति :**
हाम्रो भूराजनीति र अहिलेको विश्व राजनीतिका अन्तरविरोधहरूले गर्दा विदेश नीतिमा हामीले विशेष ध्यान दिनु पर्छ । एकातिर सन् १९५० लगायत असमान सन्धि-सम्झौताहरू खारेज गर्नु पर्नेछ, कालापानी-लिपुलेकसमेत मिचिएको भूमि फिर्ता गरेर देशको सिमानाको रक्षा गर्दै आजको शीतयुद्धउन्मुख अन्तरराष्ट्रिय परिस्थितिमा हाम्रो स्वाधिनता, स्वतन्त्रता तथा सार्वभौमिकताको रक्षा गर्नु पर्नेछ । संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलका सिद्धान्त र हाम्रो संविधानअनुसार असंलग्नतामा आधारित समानता तथा आपसी हितमा आधारित विदेश नीतिको प्रभावकारी कार्यान्वयन गर्दै सबैसँग असल सम्बन्ध बनाउनु पर्छ । राष्ट्रिय पुँजीको विकास गर्ने हाम्रो आवश्यकता अनुकूल आर्थिक कूटनीतिलाई जोड दिनु पर्छ । अन्तरराष्ट्रिय जगत्मा शान्तिप्रिय राष्ट्रका रुपमा पहिचान स्थापित गर्न असंलग्न सिद्धान्तका आधारमा कानूनी व्यवस्था गरी राज्यलाई निर्देशित गर्नु पर्छ ।

**संविधान कार्यान्वयनको पुनरावलोकन :**
अहिले संविधान संशोधनको विषय विभिन्नरुपमा उठेको छ । तर कस्तो विरोधाभाष छ भने हामीले संविधान कार्यान्वयनको पुनरावलोकनसमेत गरेका छैनौं । यस अवस्थामा संविधान संशोधनको मुद्दा उठाएर या त जानीजानी मुलुकलाई झन् डरलाग्दो अन्योलतर्फ धकेलिँदै छ वा राजनीतिक नेतृत्वका नालायकी लुकाउन खोजिँदै छ । त्यसैले सर्वप्रथम संविधान कार्यान्वयनका दश वर्षको पुनरावलोकन गरेरमात्रै संशोधनको छलफल गर्नु पर्छ । शासकीय स्वरुप, संघीयता, निर्वाचन प्रणाली, मौलिक हकको कार्यान्वयनलगायत सबै मुख्य मुद्दामा हुने त्यस्तो छलफलको निष्कर्षका आधारमा संविधानलाई अझ समृद्ध र जनमुखी बनाउने गरी संशोधन गर्नु पर्छ ।
रोजगारी र सुशासनका लागि राष्ट्रिय सम्मेलन :
हाम्रो राजनीति र राज्यको आजको सबैभन्दा जरुरी विषय रोजगारी र सुशासन नै हो । तर अहिलेसम्म राजनीति र राज्यका लागि यी मुद्दा प्राथमिक बनेन् । जसले गर्दा मुलुकको भविष्य छ भन्ने विश्वाससमेत हराउँदै गएको छ र हामी सधैँभरी सङ्कटपूर्ण सङ्क्रमणमा अल्झिरहेको छौँ । राजनीतिक नालायकी, अस्थिरता र अन्योल बढ्दै गएको छ । मुलुकले लामो समय यो अवस्था थेग्न सक्दैन ।  यस अवस्थामा हाम्रो प्रस्ताव छ : मुलुकको राष्ट्रिय एजेण्डा बनाउन सरकारले यथाशिघ्र 'रोजगारी र सुशासनका लागि राष्ट्रिय सम्मेलन' आयोजना गरोस् । उक्त सम्मेलनमा सबै राजनीतिक पार्टीहरुले गणतन्त्रको अभ्यासमा रहेका कमि तथा कमजोरीको आत्म समीक्षा गर्दै आगामी १० वर्षमा कृषि, उद्योगलगायत उत्पादनका क्षेत्रहरुको विकास, शिक्षा/स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास र भ्रष्टाचार- ढिलासुस्ती रहित पारदर्शी राजनीतिक, न्यायिक तथा प्रसाशनिक व्यवस्थाका लागि आआफ्ना योजनाहरु पेश गर्नेछन् । त्यसले राजनीतिलाई जनताको दैनिक जीवन र राष्ट्रको दीर्घकालीन भविष्यमा केन्द्रित गर्नेछ । त्यस क्रममा कैयन् विषयमा

राष्ट्रिय सहमति बन्न सक्छ वा कम्तिमा पनि राष्ट्र निर्माणका लागि कुन राजनीतिक दलका के योजना छन् भन्ने विषयमा राष्ट्रिय बहस शुरु हुनेछ ।

**आन्दोलनको कार्यक्रम :**

माथि उल्लेखित मुद्दामा केन्द्रित भएर हाम्रो पार्टीले आन्दोलन शुरु गरेको छ । यो आन्दोलन राजनीतिलाई सत्ताको खेल वा आगामी निर्वाचनको जोड-घटाउबाट मुक्त गर्न थालिएको आन्दोलन हो; बेरोजगारी र कुशासनको विरुद्ध एउटा क्रान्तिकारी पहलकदमी हो र राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादको तयारी गर्ने उद्देश्य भएका क्रान्तिकारीहरुका बीच सहकार्य र एकताको अभियान हो ।

आन्दोलनको पहिलो चरण :

चैत्र १ गते पत्रकार सम्मेलन,

चैत्र २-६ सम्म मातहत कमिटीहरुमा छलफल,

चैत्र ७-१५ सम्म केन्द्रीय तहमा विभिन्न क्षेत्रका संघ-सङ्गठन तथा व्यक्तिहरुसँग सम्वाद तथा सुझाव संकलन,

चैत्र २० गते सरकारलाई ज्ञापनपत्र बुझाउने,

चैत्र मसान्तसम्म प्रदेश र जिल्ला तहमा सार्वजनिक सम्वाद तथा सुझाव सङ्कलन,

बैशाख ५ गते प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र पेश गर्ने,

बैशाख १५ गतेसम्म पालिका र वडा तहमा सार्वजनिक सम्वाद तथा सुझाव संकलन,

बैशाख १९ देखि २२ सम्म पालिका र वडा कार्यालयहरुमा ज्ञापन पत्र पेश गर्ने,

बैशाख २५ गते दोश्रो चरणको कार्यक्रम सार्वजनिक गर्ने ।

घनश्याम भूसाल
संयोजक, केन्द्रीय आन्दोलन संयोजन कमिटी
नेकपा (एकीकृत समाजवादी)
१ चैत्र २०८१